च. दोश्रो तला छाना टिन — १००० बर्ग फिट सम्म रु. ६।०० प्रति बर्गफिट
१००० बर्ग फिट भन्दा माथि रु. ७।०० प्रति बर्गफिट

छ. कम्पाउण्ड वाल — १००० रनिङ्ग फिट सम्म रु. ३।०० प्रति र. फिट
१००० रनिङ्ग फिट भन्दा माथि रु. ४।०० प्रति र. फिट

ज. निर्माण कार्य सम्पन्न ईजाजत दस्तुर रु. १५०।००

झ. तल्ला थप ईजाजत दस्तुर रु. १५०।००

- नक्सा पास नगरी कसैले घर निर्माण गरेमा नक्सापास गर्दा लाग्ने दस्तुर बराबरनै थप जरीवाना लिई नियमानुसार नक्सापासको प्रकृया अघि बढाईने छ।
- नयाँ घर निर्माणका लागि नक्सा पेश हुंदा लाग्ने दस्तुरका अतिरिक्त दस्तुर बराबरको रकमको ५०% रकम धरौटी वापत लिईनेछ। स्वीकृत मापदण्ड अनुरुप निर्माण कार्य सम्पन्न गरी निर्माण कार्य सम्पन्नको प्रमाण पत्र दिंदा उक्त धरौटी फिर्ता गरिनेछ।
- नयाँ घरको नक्सा पास गर्दा सुरुमा प्लिन्थ (चर) सम्मको मात्र स्वीकृती दिईनेछ। प्लिन्थ (चर) सम्मको निर्माण कार्य सम्पन्न भएको जानकारी प्राप्त भएपछि प्राविधिकद्धारा निरीक्षण गराई बाँकी निर्माणको स्विकृती दिईनेछ।
- नक्सा पास हुन बांकी रहदै कुनै व्यहोराले नक्सा पास नगराउने भई सम्बन्धित व्यक्तिले नक्सापास वापतको बुझाएको दस्तुर फिर्ता माग गरेमा बुझाएको दस्तुरको २५ प्रतिशत रकम सेवा शुल्क वापत कट्टा गरी बाँकी रकम फिर्ता दिईनेछ। तर सोही रकमबाट दस्तुर मिलान गरी अर्को व्यक्तिको नाउँबाट नक्सा पास गरि पाउँ भनि जग्गा रजिष्ट्रेशन भएको १५ दिन भित्र निवेदन पर्न आएमा साविक रकममा थप २५ प्रतिशत रकम लिई रकम मिलान गरि नक्सा पास गरि दिईनेछ। यसरी रकम मिलान गर्नुपर्दा साविक जग्गाधनि समेत स्वयं उपस्थित भई निवेदन दिएको हुनुपर्नेछ।
- नक्सा पास भएको २ बर्षको म्याद भित्र भवन निर्माण कार्य समाप्त गरिसक्नु पर्ने, सो अवधिमा निर्माण सम्पन्न हुन नसक्ने भएमा म्याद बांकी रहदै म्याद थप गराउनु पर्ने ऐनको व्यवस्था रहेकोमा कुनै अदालतमा घर जग्गाको बिषयलाई लिएर मुद्दा चलि कारवाही भईरहेको अवस्थामा बाहेक २ बर्ष भित्र निर्माण कार्य पनि समाप्त नगरेको म्याद थप पनि नगरेको अवस्थामा सम्बन्धित व्यक्तिले राखेको धरौटी जफत गरी सदरस्याहा गरिनेछ। फिर्ता हुने छैन। तर सुरु म्यादै भित्र निर्माण सम्पन्न गरी सम्पन्न प्रमाण पत्र लिएको वा म्याद थप गरी थप भएको म्याद भित्र निर्माण सम्पन्न गरी प्रमाण पत्र लिएको अवस्थामा त्यसरी निर्माण सम्पन्न प्रमाण पत्र लिएको ६ महिना भित्र धरौटी रकम फिर्ता लिन आए प्रचलित कानूननको रित पुऱ्याई फिर्ता दिईनेछ। सो अवधि पश्चात धरौटी रकम फिर्ता हुने छैन।
- नक्सा संसोधन गर्दा, नक्सा पास गर्दा लाग्ने दस्तुरको २५ प्रतिशत संसोधन दस्तुर वापत थप दस्तुर लिईनेछ।
- नगरपालिकाबाट निवेदकका संधियारहरुको सही, नाम, ठेगाना खोज्न सम्भव नहुने हुँदा निवेदक स्वयंलेनै